**निर्णयहरु**

१. मिति २०७९।५।२७ गते वसेको गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयन सम्वन्धमा छलफल भयो । सो सम्वन्धमा कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

२. मिति २०७९।०५।२७ गतेको निर्णयानुसार मिति २०७९।०६।१२ गते शारदीय पर्वहरुको अवसरमा गरिने शुभकामना आदान प्रदानको कार्यक्रम अनुसूचि १ बमोजिमको ढाँचामा सु-सम्पन्न गर्ने ।

३. यातायात ब्यवस्था कार्यालयको पत्रानुसार अस्थायी मार्ग तथा भाडा दर निर्धारण गर्ने प्रयोजनार्थ रुट कायम नभएका यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका सडकको विवरण पठाउने ।

तपसिल

| क्र.स. | सडकको नाम | दुरी कि.मि. करिव | सडकको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कच्ची | ग्रावेल | पक्की | |
| १ | चिसापानी हातेमालो चोक डुँड सडक | ७ | | | पक्की | |
| २ | हाते मालोचोक भोर्ले सेरा सडक | ७ | | ग्रावेल | | |
| ३ | अर्थुन टकलाक सिंगारकोष रातोपुल | ७ | कच्ची | | | जीपमात्र |
| ४ | अर्थुन वायखर्क सेतीवेणी | ८ | कच्ची | | | जीपमात्र |
| ५ | ठुलीवेसी भर्मा नेपाने गाउँ | ९ | कच्ची | | | जीपमात्र |
| ६ | त्रिवेणी निकर्का भुर्तेलथोक छहरे डुम्रे भञ्जायङ्ग | ८ | कच्ची | | | जीपमात्र |
| ७ | गल्छिना नायवसावथान कुटि डुड सडक | ६ | कच्ची | | | जीपमात्र |
| ८ | गल्छिना गोहपुक पालुस्थान | ८ | कच्चि | | | जीपमात्र |
| ९ | गल्छिना नायवसावथान डाडाथोक मैदान शिवपुरी | १० | कच्ची | | | जीपमात्र |
| १० | डुडँ मैदान पालुस्थान पैंयूकोट | १० | कच्ची | | | जीपमात्र |
| ११ | गल्छिना धरमपानी पैंयूकोट | ९ | कच्ची | | | जीपमात्र |
| १२ | हातेमालोचोक सौरीकोट धरादी हल्काङ्ग | १० | कच्ची | | | जीपमात्र |
| १३ | चिसापानी भुर्तेलथोक छहरे डुम्रे भञ्ज्याँग | ९ | कच्ची | | | जीपमात्र |
| १४ | सरौखोला सिरवानी उपल्लो हाडिखर्क | ७ | कच्ची | | | जीपमात्र |
| १५ | सरौखोला साधने अगुवाखोला | ७ | कच्ची | | | जीपमात्र |
| १६ | सरौखोला साधने सित्ले | ७ | कच्ची | | | जीपमात्र |
| १७ | सरौखोला डाँडाकाहु हिले ठुली भञ्याँङ्ग | ९ | कच्ची | | | जीपमात्र |
| १८ | भोर्ले हिले ठुली भञ्याँङ्ग | ७ | कच्ची | | | जीपमात्र |
| १९ | भोर्ले काभ्रे इकाङ्ग सानो भञ्याँङ्ग | ८ | कच्ची | | | जीपमात्र |
| २० | भोर्ले ग्यामी हाडिखर्क हिरुखर्क | ८ | कच्ची | | | जीपमात्र |
| २१ | अर्वालुङ्ग दाङ्गसीङ्ग रीपुखोला | ७ | कच्ची | | | जीपमात्र |

गाउँपालिका कार्यपालिकाको कार्यालय

४. वडा नं. ५ स्थित भुषाल थोकमा फोहोरमैला ब्यवस्थापन परियोजना सञ्चालनको लागि जग्गा प्राप्ति र नेपाल सरकारबाट विशेष अनुदान अन्तर्गत रु. १ करोड ३० लाखको स्रोत सुनिश्चितता प्राप्त भई सकेकोले बातावरण संरक्षण नियमावली २०७७ को नियम (३) अनुसूची (२) (झ) (६) अनुसार प्रारम्भिक वातावरणीय प्रभाव मूल्याँकन (IEE) गर्नु पर्ने भएकोले सोको लागि कार्यालयबाट नियामानुसार संझौता भएको वाई बि. डिजायनर्स एण्ड डेभेलपर्स प्रा.लि. नयाँ बानेश्वर काठमाण्डौंले प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरेको यस गाउँपालिकको प्रस्तावित फोहोर मैला ब्यवस्थापन परियोजनाको संक्षिप्त बातावरणीय प्रभाव मूल्याँकनका लागि तयार पारिएको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्ने ।

५. हाल बर्षातको अन्त्यतिरको समय भएको र शारदीय पर्वहरुको आगामन शुरु भैसकेकोले वर्षाको समयमा क्षति पुगेका र अवरुद्द भएका स्थानीय कच्चीसडकको सूचारु तथा सरसफाई सम्वन्धित वडा कार्यालयको लागि बिनियोजित बजेटबाट गर्ने/गराउने साथै सो सम्वन्धमा वडा नं. ३ हकमा वडा नं.३ मोटरबाटो पक्कि नाली ब्यवस्थापन पालिका साझेदारी खर्च शीर्षक र वडा नं. ५ को हकमा साना पुर्वाधार तथा मर्मत संभार खर्च शीर्षक बाट भुक्तानी गर्ने गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

६. मृगौला प्रत्यारोपण गरेका, डायलसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को दफा (३) बमोजिम १ नं वडा कार्यालयबाट पेश हुन आएको श्री जजु कुमारी न्यौपानेलाई लाभग्राही कायम गरियो । कायम भएका लाभग्राहीलाई लाभ ग्राही कायम भएको निस्सा सम्वन्धित वडा अध्यक्ष र प्रमुख प्रशासकीय मार्फत उपलब्ध गराउने ।

७. आ.ब. २०७९/८०को लागि निर्माण उपकरणहरु एस्काभेटर (Excavator), एस्काभेटर ब्रेकर सहित (Excavator With Braker), ब्रेक ब्याक्हु लोडर (Backhoe Loader) को जिल्ला दररेट प्रतिधनमिटरमा कायम भएकोमा उपभोक्ता समिति तथा निर्माण ब्यवसायीको सहजताको लागि उक्त दररेट प्रतिघण्टामा कायम गर्नु पर्ने देखिएकोले निर्माण उपकरणहरु एस्काभेटर (Excavator), एस्काभेटर ब्रेकर सहित (Excavator With Braker), ब्रेक ब्याक्हु लोडर (Backhoe Loader) को प्रतिघण्टाको दर गाउँकार्यपालिकको मिति २०७९।०५।२७ ते तोकिएकोमा ब्रेक ब्याक्हु लोडर (Backhoe Loader) को प्रतिघण्टाको दर भ्याट बाहेक रु ३१०० कायम गर्ने गरि संशोधन गरियो।

८. यूनाइटेड मर्दी खोला युवा क्लवलाई शुभ विजयादशमीको उपलब्धमा पालिकास्तरमा फूटवल खेल सञ्चालन गर्ने प्रयोजनार्थ रु. २००००० (दुई लाख) युवा तथा खेलकुद खर्च शीर्षकबाट भुक्तानि दिने गरि उपलब्ध गराउने ।

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३